**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ जून २०२६

समयः ०६ः२५ - ०६ः३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिजो नयाँ दिल्लीमा केन्द्रिय मंत्रीहरू निर्मला सीतारमण तथा शिवराज सिंह चौहानसित भेट गरी राज्यको विकासलाई तीव्रता दिने विषयमा गहन छलफल गर्नुभयो।

- राज्यकी क्याबिनेट मंत्री अग्निमित्रा पालको मैराथन दार्जीलिङ भ्रमण समाप्त , क्षेत्रको विकासका कैंयन रोडम्याप तैयार पारिने ।
- टिएमसी का २० सांसदहरूले पार्टी छोड़ने , अलग गुट बनाउने तथा एनडीए मा सामेल हुने अड़कल तेज भएको छ।

- टिएमसी नेता जहाँगीर खानलाई आज सिलीगुड़ी अदालतमा पेश गरिनेछ।

- खरसांगको गोरखा जन पुस्तकालयले पालन गरयो आफ्नो ११४ औं स्थापाना दिवस।

- पश्चिम बंगाल ,सिक्किम सहित कैंयन राज्यहरूम आउने दुई दिनमा भारी वर्षा हुने अनुमान व्यक्त गरिएको छ।

**सीतारमण – प.बंगालका मुख्यमन्त्री**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिजो केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणसित नयाँ दिल्लीमा भेट गर्नुभयो। बैठकमा पश्चिम बंगालको विकासलाई तीव्रता दिने, विभिन्न क्षेत्रहरूमा ऋण उपलब्धता बढाउने र केन्द्र सरकारका योजनाहरूको राज्यमा प्रभावकारी ढंगमा कार्यान्वयन गर्ने बारेमा छलफल गरियो।वित्तमन्त्रीले राज्य सरकारसँगको सहकार्यमा प्रधानमन्त्री मुद्रा योजना, जन धन योजना, जीवन ज्योति बीमा योजना, सुरक्षा बीमा योजना, अटल पेन्सन योजना र प्रधानमन्त्री स्वनिधि जस्ता प्रमुख योजनाहरूको लाभ सबै योग्य लाभार्थीहरूसम्म पुग्ने सुनिश्चित गर्न व्यापक अभियान सुरु गरिने बताउनु भयो।उहाँले राज्यमा ऋण उपलब्धता बढाउन बैंक, उद्योग संगठन र एमएसएमईसँग बैठकहरू गरिने पनि बताउनु भयो। उहाँले पश्चिम बंगाल ग्रामीण ब्यांकको कार्यप्रणालीको पनि समीक्षा गरिने बताउनु भयो।

**शिवराज-पश्चिम बंगाल**

भेटघाटको क्रममा मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिजो नयाँ दिल्लीमा केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानसित पनि भेट गर्नु भयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै कृषिमंत्री श्री चौहानले भन्नु भएको छ दुवै नेताले ग्रामीण विकास, कृषि कल्याण, कृषि तथा किसान कल्याणकारी योजनाहरूको प्रभावकारी कार्यान्वयन र किसानहरूको हितमा विकास योजनाहरूलाई तीव्रता दिने विषयमा छलफल गरेको बताउनु भएको छ।

**स्थायीकरणको मागमा मन्त्री अग्निमित्र पलसँग भेट**

दार्जिलिङ-बालासन जल परियोजना अन्तर्गत कार्यरत् कर्मचारीहरूले दार्जिलिङ भ्रमणमा आउनु भएकी पश्चिम बङ्गालकी क्याबिनेट मन्त्री अग्निमित्र पलसँग भेट गरेर कर्मचारीहरुको दीर्घ दिनदेखिको स्थायीकरणको मागलाई राखेका छन्। मन्त्रीले पनि

यथाशीघ्र समस्याको समाधान गर्ने अश्वासन दिएको जानकारी प्राप्त भएको छ। मन्त्रीसँगै भ्रमणमा रहेका दार्जिलिङका सांसद राजु विष्ट, दार्जिलिङका विधायक नोमन राई, खरसाङका विधायक सोनाम लामा अनि उत्तर बङ्गाल पीएचई विभाग प्रमुख समक्ष आफ्ना कुराहरु राख्दै ज्ञापन पत्र चडाएको दार्जिलिङ बालासन जल परियोजनाको अध्यक्ष बबिन सुब्बाले जानकारी गराउनु भएको छ।

**बागी सांसद काकोली घोषको दावी**

पश्चिम बंगालमा ममता ब्यानर्जीको पार्टी तृणमूल कांग्रेसमा एकपछि अर्को समस्या देखा परिपरेको छ। अब तृणमूलको बागी सांसद काकोली घोषले दावी गर्नु भएको छ, टीएमसीको 20 सांसदहरु उहाँको साथमा छन् र अझै धेरै सांसदहरु पनि साथमा आउनेवाला छ। तृणमूल सरकारमा धेरै घोटाला भएको छ। ममता राजमा बंगाल चालीस साल पछाडी गएको थियो। ममता ब्यानर्जीले उहाँको शिकायत सुनेनन्।

**सरकारको १२ वर्ष - स्वास्थ्य क्षेत्र**

प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा भारतले सबका साथए सबका विकासए सबका विश्वास र सबका प्रयासको सिद्धान्तमा आधारित विगत १२ वर्षमा उल्लेखनीय प्रगति गरेको छ। यस अवधिमा सरकारले गरिबए किसानए महिला रयुवाहरूको कल्याण र सशक्तिकरणका लागि धेरै प्रमुख योजनाहरू सुरु गरेको छ।आकाशवाणीले विगत १२ वर्षमा विभिन्न प्रमुख क्षेत्रहरूमा सरकारको प्रयासहरूमा विशेष श्रृंखला प्रस्तुत गर्दैछ।आजको विशेष कार्यक्रममा हामी स्वास्थ्य सेवाको क्षेत्रमा सरकारको पहलहरूको बारेमा छलफल गर्नेछौं।

**प्रस्तुत छ एक रिपोर्ट**

**जहांगीर खान - गिरफ्तार**

भारत नेपाल सीमामा पक्रा परेका तृणमूल कांग्रेसका दबंग नेता जहांगीर खानलाई सिलगडी कोर्टमा पेश गरिने भएको छ| पश्चिम बंगाल पुलिसले उनलाई हिजो बिहान नेपाल सीमाबाट पक्राउ गरेको थियो। जहांगीर खान कथित रूपमा नेपाल सीमाबाट भाग्ने प्रयास गरिरहेको थियो।

**गोर्खा जन पुस्तकालय खरसाङको स्थापना दिवस**

भारतमा गोर्खाहरूको सबैभन्दा जेठो संस्था गोर्खा जन पुस्तकालय खरसाङको ११४औँ स्थापना दिवस कार्यकारी समितिका उपाध्यक्ष प्रकाश प्रधानको अध्यक्षता अनि पुस्तकालयका पूर्व अध्यक्ष, नाटककार, लेखक पूर्ण गुरुङ 'निरुपम' को प्रमुख आतिथ्यमा सम्पन्न गरियो। उक्त कार्यक्रम हिजो पुस्तकालयको डा. पारसमणि प्रधान प्रेक्षागृहमा आयोजन गरियो। कार्यक्रममा विशिष्ट अतिथिका रूपमा साहित्य अकादेमी नेपाली भाषा परामर्श समिति सदस्या डा. आशा मुखिया लामा, पुस्तकालय पूर्व सचिव एलडी. मोक्तान, पूर्व अध्यक्ष एवम् वर्तमान कार्यकारी सदस्य एवं समाजसेवी तिलक शर्मा, स्वर्ण सदस्य सङ्गीत साधक एंव गजलकार गोविन्दसिंह घतानी, वरिष्ठ साहित्यकार, समालोचक एंव सूचना एवं सांस्कृतिक विभाग, गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको सह निर्देशक विमल राई आदि उपस्थित थिए। कार्यक्रममा स्वागत सम्भाषण मूल सचिव विनोद रसाइलीले राख्नु भएको थियो| कार्यक्रममा पुस्तकालय अक्षय कोषमा अनुदान प्रदान गर्ने व्यक्तिहरूलाई कृतज्ञता पत्र प्रदान गरियो। यसै क्रममा यस वर्ष आजीवन सदस्यता ग्रहण गर्ने सदस्यहरूलाई स्मृति चिन्ह प्रदान गरियो भने अध्ययन कक्षको कुर्सी प्रदान गर्ने सदस्यहरूलाई पनि सम्मान गरियो। कार्यक्रमका प्रमुख अतिथि पूर्ण गुरुङ 'निरुपम' ले आफ्नो वक्तव्यमा पुस्तकालयसित सबैको स्वाभिमान अनि आत्मसम्मान जोड़िएको बताउनु भयो। यस पुस्तकालयले जातीय जागरणको विगुल फुकेको बताउनु हुँदै ख्यातिप्राप्त कवि, प्रशासनिक अधिकारी, समाजसेवी र संस्थाहरूको पुस्तकालय आगमन अनि गतिविधिबारे प्रकाश पार्नु भयो।

**मौसम**

मौसम विभागले आगामी दुई दिन पश्चिम बंगालए सिक्किमए रायलसीमाए तमिलनाडुए पुडुचेरी र उत्तरपूर्वी भारतको तराई क्षेत्रमा भारी वर्षा हुने अनुमान गरिएको छ।

****** ० ******